प्यूठान नगरपालिका

# प्यूठान नगरकार्यपालिकाको कार्यालय

बिजुवार, प्यूठान

५ नं. प्रदेश, नेपाल

प.सं. : २०७७/०७८ योजना अनुगमन उप-शाखा

च.नं. :

मिति : २०७७।०६।२०

बिषय : सुरक्षित नागरिक आवास कार्यक्रमको लागि आवेदन दिने सम्बन्धी सूचना ।

प्रस्तुत बिषयमा सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७७।०५।२५ गतेको बैठकको निर्णयानुसार आवास सुविधा प्रदान गर्न प्यूठान नगरपालिकाबाट २०० जना लाभग्राहीहरू छनौट गर्नुपर्ने भएकोले सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७६ (प्रथम संशोधन) बमोजिम गरिबीको रेखामूनी रहेको, प्रकोपका कारण घरबार विहिन भएका, पराल वा खरको छाना भएका घुरमूलीहरूले तपसिल बमोजिमका आवश्यक कागजातहरू सहित १० दिन भित्र सम्बन्धित वडा कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**आवेदन साथ आवश्यक पर्ने कागजातहरू**

१. घरमूलीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

२. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी वा सो नभएमा सम्बन्धित वडा कार्यालयबाट बर्षौ देखि सोही स्थानमा बसोबास गरिरहेको सिफारिस पत्र ।

३. निवेदकको पासपोर्ट साईजको फोटो ।

**लाभाग्राही छनौटका आधारहरू**

| क्र.सं. | विवरण | दिईने अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रतिव्यक्ति बर्गफिटमा | ३० भन्दा कमलाई-१०<br>३० देखि ६० सम्म-५<br>६० भन्दा बढी सम्म-० | |
| २ | घरको गारो | बाँस, चिरपट/कप्टेरो आदि वा त्यसमा पराल/स्याउलाको टाटी-१०<br>नमिलेको ढुंगाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईटामा माटोको जोर्नी-५<br>मिलेको ढुंगाको गारो तथा पाकेका ईटामा माटो/सिमेन्टका जोर्नी-० | ५० प्रतिशत सम्म जे छ त्यसैलाई मान्ने |
| ३ | घरको छानो | फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदि-१०<br>खपडा, टायल-५<br>ढलान, कर्कटपाता-० | आसवेटस छाना स्वास्थ्यको लागि हानिकारक छ । |

प्यूठान नगरपालिका

# प्यूठान नगरकार्यपालिकाको कार्यालय

बिजुवार, प्यूठान

५ नं. प्रदेश, नेपाल

प.सं. : २०७७/०७८ योजना अनुगमन उप-शाखा

च.नं. :

| | | | |
|---|---|---|---|
| ४ | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा गाउँ ब्लक (स्वामित्व पाउन सकिने) वा स्थानीय तहको सिफारिस (स्वबासी र विवाद रहित)-१० <br>नदी/ताल किनारामा बसोबास गरेको-० | |
| ५ | घरमूलीको हकमा | अति बिपन्न, असहाय, असक्त, बृद्धबृद्धा, अनाथ बालबालिका, एकल महिला जस्ता घरमुली लाभग्राही भएका-१० <br>अन्य-० | |

नोट : (१) ढलान र जस्तापाताले छाएको छाना भएको आवास धनी घरपरिवारलाई यस कार्यविधि अन्तरगत लाभग्राहीको रूपमा समावेश गरिने छैन ।

(२) प्रकोपका कारण घरबार विहिन भएका घरपरिवारलाई दफा ४ को उपदफा (२) बमोजिम पहिलो प्राथमिकतामा राखिनेछ र यस अनुसूची बमोजि मूल्यांकन गरिने छैन ।

(३) गरिबीको रेखामुनी रहेका आफैले सुरक्षित आवास निर्माण गरिरहेको हकमा उपरोक्त अनुसूची बमोजिम मूल्यांकन गरिने छैन । स्थानीय तहको सिफारिसको आधारमा सुरक्षित नागरिक आवास समन्वय समितिले लाभग्राही छनौट गर्नेछ ।

२०७७/०५/२०

(यज्ञ बहादुर बुढा)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत